annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ३६, पृष्ठ ८ | काठमाडौं, शुक्रबार २२ जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष पञ्चमी, नेपाल संवत् ११४६ | FRIDAY, JUNE 5 ... र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


आवरण समाचार

## रोपाइँ लाग्यो, मल खै ?

देश कृषिप्रधान, तर किसानलाई जहिल्यै मलको अभाव। नहोस् पनि किन, मागको आधा पनि मल उपलब्ध गराउँदैन सरकार। अनि, किसानले दुःख नपाउने कुरै भएन। यसपटक पनि रोपाइँको सिजन सुरु भइसकेको छ, तर बजारमा प्रयाप्त मल छैन। सरकारकैअनुसार पनि असारलाई पुग्ने मल मौज्दात छ, तर साउन र भदौमा हुने रोपाइँका लागि के गर्ने ? सरकारले अहिल्यैदेखि मल अभावलाई पूर्ति गर्न गम्भीर बन्नुपर्ने देखिएको छ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

विस्तृत पृष्ठ २




## ईभी गाडीको अवैध प्रवेश, कर्मचारी र व्यवसायी तानिँदै



**कोरलाबाट भित्रिएका ७८२ ईभी गाडी सशस्त्र प्रहरीको नियन्त्रणमा।**

**केशवशरण लामिछाने** | *पोखरा*

मुस्ताङको कोरला भन्सार हुँदै नेपाल भित्रिएका ७ सय ८२ विद्युतीय गाडी (ईभी) प्रकरणमा भन्सार अधिकारी र सम्बन्धित व्यवसायी छानबिनमा तानिने भएका छन्। बजेट भाषणमार्फत करको दरको सूचना चुहावट गरी अवैध रूपमा ईभी प्रवेश गराएकोमा सरकारले अनुसन्धान र कारबाही अघि बढाएको हो।

अधिकांश बीवाईडीका गाडी रहेको यस प्रकरणमा अर्थ मन्त्रालय र भन्सार विभाग दुवै निकायले बेग्लाबेग्लै रूपमा समिति गठन गरिसकेको छ। 'रसुवा भन्सारदेखि केन्द्रकै को-को कर्मचारीको मिलेमतो छ भन्ने समितिले एकिन गर्नेछ। बीवाईडीका नेपालका व्यवसायीसमेत छानबिनमा परेका छन्, सरकारी स्रोतले अन्नपूर्णलाई बतायो।

भन्सार कर छल्ने उद्देश्यले कागजात मिलाएर कार भित्र्याएको आशंकामा अघिल्लो दिन उक्त परिमाणका ईभी सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको थियो। सशस्त्र प्रहरी बल मुक्तिनाथ बाहिनी पोखराका प्रहरी नायब महानिरीक्षक (डीआईजी) दीपेन्द्र शाहका अनुसार नियन्त्रणमा लिइएका गाडीमध्ये मुस्ताङको जोमसोमबाट करिब २ सय ६५ वटा, नेचुङ (कोरला नाका) बाट करिब ३ सय ९८ वटा, पर्वतबाट १७ वटा, कास्कीबाट ९८, नुवाकोटबाट २ र धादिङ आदमघाटबाट २ रहेका छन्। नियन्त्रणमा परेका अधिकांश गाडी बीवाईडी ब्रान्डका छन्। उक्त ब्रान्डको नेपालका लागि आधिकारिक बिक्रेता साइमेक्स इंकले ती गाडी झिकाएको हो।

डीआईजी शाहका अनुसार बुधबार राति र बिहीबार बिहान गरी ती कार नियन्त्रणमा लिइएका हुन्। भन्सार प्रक्रिया र राजस्वसँग सम्बन्धित केही शंकास्पद विषय देखिएपछि गाडीहरू नियन्त्रणमा लिइएको उनले सुनाए। 'हिजो (बुधबार) राति सशस्त्र प्रहरीले केही ईभी गाडीहरू नियन्त्रणमा लिएको छ। भन्सार प्रक्रिया र राजस्वको विषयमा केही शंकास्पद कुराहरू देखिएको हुनाले ती गाडीहरू नियन्त्रणमा लिइएका हुन्,' शाहले भने, 'यस विषयमा भन्सारका कागजातहरू र प्रज्ञापनपत्र हेरेपछि मात्र थप कुरा स्पष्ट हुनेछ। त्यसपछि प्रक्रियाअनुसार सम्बन्धित निकायलाई बुझाउने वा के गर्ने भन्ने निर्णय हुन्छ।'

छानबिनका लागि गठत समितिले भन्सार प्रक्रिया कानुनी रूपमा पूरा भए, नभएको र क-कसको संलग्नता रहेको भनेर बुझ्ने भएको छ। सशस्त्र प्रहरीले बजेटमार्फत विद्युतीय गाडीमा भन्सार दर घटेपछि गाडी भित्राएर पुरानै मितिमा ल्याएको कागजात तयार गरेको आशंका गरेको छ। यसमा भन्सार कर्मचारी र एजेन्टहरूको समेत मिलेमतोको सूचना सरकारसम्म पुगेपछि सशस्त्रले गाडी नियन्त्रणमा लिएको हो।

अर्थमन्त्री स्वर्णिम वाग्लेले जेठ १५ गते आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गरेपछि ५० लाख रुपैयाँभन्दा मुनिका विद्युतीय गाडीको भन्सार घट्ने घोषणा गरेका थिए। ५० लाखभन्दा माथिकाको भने बढेको उनको भनाइ थियो। सोही आधारमा भन्सार घटबढबाट फाइदा निकाल्ने उद्देश्यसहित ती गाडी पुरानै मितिमा भित्र्याएको प्रमाण तयार गरेको आशंका गरिएको छ।

'ती गाडीहरू बजेट आउनुअघि वा पछि जहिले भित्रिएको भए पनि भन्सारको नियमअनुसार प्रक्रिया पुगेको छ कि छैन भन्ने मुख्य कुरा हो,' डीआईजी शाहले भने, 'भन्सारमा तिर्नुपर्ने रकममा केही कमी भएको छ कि भन्ने सूचना र आशंकाका आधारमा राजस्व चुहावट नियन्त्रण गर्ने हाम्रो जिम्मेवारीअन्तर्गत यो कारबाही गरिएको हो।' उनले हाल सबै गाडी सशस्त्र प्रहरीको नियन्त्रणमा रहेको र कागजात परीक्षणपछि भन्सार कार्यालयलाई जिम्मा लगाइने जानकारी दिए।

'अहिले सबै गाडीहरू सशस्त्र प्रहरीको नियन्त्रणमा छन् र भन्सार अधिकारीहरूले कागजात जाँच गरेपछि हामी ती गाडीहरू भन्सारलाई नै जिम्मा लगाउँछौं,' शाहले भने। नियन्त्रणमा परेका गाडीहरूको कुल बजार मूल्य कति हो भन्ने विषयमा भने यकिन विवरण सार्वजनिक भएको छैन। शाहले त्यसबारे तत्काल जानकारी दिन सकिने अवस्था नरहेको बताए।

यसैबीच, अर्थ मन्त्रालयका प्रवक्ता अमृत लम्सालले भन्सार नाका भएको गतिविधि हुँदा यसको तालुदार निकाय भनेको भन्सार विभागले आवश्यक कारबाही गरिरहेको जानकारी दिए।

नेपालका लागि बीवाईडीको आधिकारिक वितरक साइमेक्स इंकले भने नेपाल भित्रिएका तथा भन्सार जाँचपास भएका विद्युतीय सवारी साधन (ईभी) का सम्बन्धमा विभिन्न सञ्चार माध्यम र सार्वजनिक वृत्तमा उठेका चासोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। कम्पनीले स्पष्टीकरण जारी गर्दै कर परिवर्तनबाट बच्न सरकारी निकायसँग समन्वय गरी अनुचित लाभ लिएको भन्ने आरोप पूर्णतः निराधार रहेको दाबी गरेको छ।

नेताहरूको दिल्ली दौडाहा

## रवि फर्किंदै, शिशिर जाँदै

**अन्नपूर्ण** | *काठमाडौं*



सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने भारत भ्रमणबाट फर्किने दिन शुक्रबार परराष्ट्रमन्त्री शिशिर खनाल भारत भ्रमणमा जाने भएका छन्।

परराष्ट्र मन्त्रालयले बिहीबार विज्ञप्ति जारी गरी भारतीय विदेशमन्त्री एस जयशंकरको निमन्त्रणामा मन्त्री खनाल जेठ २२ देखि २४ गतेसम्म भारत भ्रमणमा जान लागेको जानकारी गराएको छ। मन्त्री खनालले नयाँदिल्लीमा भारतीय समकक्षी जयशंकरसँग द्विपक्षीय वार्ता गर्ने कार्यक्रम रहेको छ।

परराष्ट्र मन्त्रालयका अनुसार वार्ताका क्रममा नेपाल र भारतबीचको व्यापार, कनेक्टिभिटी, ऊर्जा व्यापार र जनता-जनताबीचको सम्बन्धलाई थप मजबुत बनाउने विषयमा छलफल हुनेछ। भारतीय विदेशमन्त्री जयशंकर र मन्त्री खनालबीच यसअघि मौरिसस पनि भेटवार्ता भएको थियो।

परराष्ट्रले दुई देशबीच हुँदै आएको नियमित उच्चस्तरीय भ्रमणको आदानप्रदानको निरन्तरताको रूपमा यो भ्रमण हुन लागेको जनाएको छ। परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भ्रमणले नेपाल र भारतबीचको ऐतिहासिक, स्थायी र बहुआयामिक द्विपक्षीय सम्बन्धलाई अझै बलियो बनाउने प्रयास रहने व्यक्त गरिएको छ। परराष्ट्र मन्त्रालयका अनुसार मन्त्री खनाल २४ गते आइतबार स्वदेश फर्किनेछन्।

» बाँकी पृष्ठ ६

## हिउँको खोँचमा खसेका दावा बिनासहारा ६ दिनपछि फर्किए

**शिवप्रसाद ढुंगाना** | *ओखलढुंगा*

काठमाडौंको एउटा कोठामा धुपको सुगन्ध फैलिरहेको थियो। लामागुरुहरू एउटा आत्माको शान्तिका लागि एकोहोरो मन्त्रोच्चारण गरिरहेका थिए। ५२ वर्षीय पर्वतारोहण गाइड दावा शेर्पाका निम्ति परिवारले सधैंका लागि आस मारिसकेको थियो। जेठ १५ गतेदेखि सगरमाथाको ७ हजार ६ सय मिटरमाथि रहेको 'येलो ब्यान्ड'बाट हराएका दावाका लागि उनकी श्रीमती दामु र छोरी मेन्दो ल्हामु शेर्पाले बौद्ध परम्पराअनुसार अन्तिम संस्कार सुरु गरिसकेका थिए। धार्मिक विधिअनुसार मृत्युपछिको दोस्रो दिनको विशेष पूजा चलिरहेकै बेला अचानक एउटा फोन आयो। फोनमा भनियो- 'दावा जीवितै हुनुहुन्छ, आफैं घिस्रँदै आधार शिविरतर्फओर्लिंदै हुनुहुन्छ!'

पूजा गरिरहेको परिवारका लागि यो क्षण आँसु र अद्भुत खुसीको आँधीजस्तै बन्यो। सगरमाथाको 'डेथ जोन' मा ६ दिनसम्म एक्लै संघर्ष गरेर दावाले



मृत्युलाई जितेका थिए। चिकित्सा विज्ञान र हिमालका नियमहरूलाई समेत चक्मा दिँदै भएको यो आत्म-उद्धार सगरमाथाको इतिहासकै दुर्लभ चमत्कार हो।

**मुस्ताङदेखि सगरमाथाको खोँचसम्म**

दावा शेर्पाले मृत्युको मुखबाट पुनर्जन्म पाएको यो पहिलोपटक भने होइन। यसअघि मुस्ताङको विकट हिउँआँधीमा पर्दा पनि उनी यसरी नै हराएर जीवितै फर्किएका थिए। हिमालसँग लड्ने उनको यही अद्भुत क्षमता यसपालि सगरमाथामा पनि देखियो।

गत जेठ १५ गते पोलिस आरोही मारियुस च्मिएलेव्स्कीलाई सगरमाथाको सफल आरोहण गराएर फर्कने क्रममा दावा बेपत्ता भएका थिए। स्थिति यस्तो थियो कि ती पोलिस आरोहीले त दावाको मृत्यु भइसकेको हुन सक्ने आशंका सामाजिक सञ्जालमा लेखिसकेका थिए। तर, दावा भने क्याम्प २ भन्दा केही तल एउटा गहिरो हिउँको खोँचमा खसेका रहेछन्।

» बाँकी पृष्ठ ६